# उन्नति लघुवित्त वित्तीय संस्था लिमिटेड
# Unnati Laghubitta Bittiya Sanstha Limited
नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त संस्था (१५ जिल्ला कार्यक्षेत्र भएको)


प.स.२०७६/०७७
च.नं. ५९६

मितिः २०७६।१०।२०

**श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड,**
सिंहदरवार प्लाजा, काठमाण्डौ ।

**विषयः त्रैमासिक विवरण पेश गरिएको सम्बन्धमा ।**

महाशय,

उपरोक्त सम्वन्धमा, श्री नेपाल स्टक एक्सजेन्ज लिमिटेड र साविकको उन्नति माइक्रोफाइनान्स वित्तीय संस्था लिमिटेड विच भएको धितोपत्र सुचिकरण सम्झौता पत्रको शर्त नं. ८ वमोजिम शेयर मुल्यमा प्रभाव पार्ने संगठित संस्था संग सम्वन्धित कुनै पनि सूचना वा जानकारी नेपाल स्टक एक्सचेन्ज लिमिटेडलाई दिन मन्जुर छ भने वमोजिम यस वित्तीय संस्थाको आ.व. २०७६/०७७ को दोस्रो त्रैमासिक अपरिश्कृत विवरण तयार पारी पत्र साथ सम्लग्न गरि पेश गरिएको व्यहोरा अनुरोध छ ।

समलग्न
१. आ.व. २०७६/०७७ को दोस्रो त्रैमासिक विवरण थान १

भवदीय,

प्रेम वहादुर पाठक
प्रमुख कार्यकारी अधिकृत

**प्रमुख कार्यकारी अधिकृत**


केन्द्रीय कार्यालय, ठेगाना : सिद्धार्थनगर नगरपालिका–१२, रुपन्देही, फोन नं. :०७१–५२११२७,०७१–५२११२ ६ फ्याक्स नं. : ०७१–५२११२७
साविकको उन्नति माइक्रोफाइनान्स वित्तीय संस्था लिमिटेड

# उन्नति लघुवित्त वित्तीय संस्था लिमिटेड
## Unnati Laghubitta Bittiya Sanstha Limited

Central Office : Si.Na.Pa. 12, Rupandehi, Nepal Phone No. 071-521126, 521127

Unaudited Financial Result as on 2nd Quarter (2076/09/29) of the Fiscal Year 2076/077

Rs. in '000'

| Particulars | This Quarter Ending | Previous Quarter Ending | Corresponding Previous Year Quarter Ending |
|---|---|---|---|
| **Total Capital and Liabilities (1.1 to1.7)** | **1951326.58** | **1870867.37** | **1691631.14** |
| Paid up Capital | 88275.00 | 88275.00 | 77275.00 |
| Reserve and Surples | 82617.40 | 95372.04 | 29155.83 |
| Debenture and Bond | 0.00 | 0.00 | 0.00 |
| Borrowings | 1079002.66 | 1048619.75 | 1096255.26 |
| **Deposits (a+b)** | **644368.43** | **596659.72** | **445181.67** |
| a. Member | 644368.43 | 596659.72 | 445181.67 |
| b. Public | 0.00 | 0.00 | 0.00 |
| Income tax Liability | 14610.84 | 5759.62 | 9053.51 |
| Other Liabilities | 42452.26 | 36181.25 | 34709.88 |
| **Total Assets (2.1 to 2.7 )** | **1951326.58** | **1870867.37** | **1691631.14** |
| Cash and Bank Balance | 231006.45 | 274636.45 | 418353.31 |
| Money at Call and Short Notice | 0.00 | 0.00 | 0.00 |
| Investments | 1000.00 | 1000.00 | 1000.00 |
| Loan and Advances | 1682175.38 | 1552792.73 | 1244125.86 |
| Fixed Assets | 15491.42 | 15398.89 | 9186.53 |
| Non Banking Assets | 0.00 | 0.00 | 0.00 |
| Other Assets | 21653.33 | 27039.30 | 18965.44 |
| **Profit and Loss Account** | **Up to This Quarter** | **Up to Previous Quarter** | **Up to Corresponding Previous Year Quarter** |
| Interest Income | 145162.16 | 71146.23 | 117607.23 |
| Interest Expense | 79284.02 | 35498.27 | 66557.39 |
| ***A. Net Interest Income(3.1-3.2)*** | **65878.13** | **35647.96** | **51049.84** |
| Fees, Commission and Discount | 626.80 | 380.34 | 511.08 |
| Other Operating Income | 35414.32 | 16660.99 | 19758.17 |
| Foreign Exchange Gain/Loss(Net) | 0.00 | 0.00 | 0.00 |
| ***B. Total Operating Income (A+3.3+3.4+3.5)*** | **101919.26** | **52689.29** | **71319.09** |
| Staff Expenses | 31063.22 | 17746.99 | 22454.73 |
| Other Operating Expenses | 13242.86 | 6791.05 | 9836.22 |
| ***C. Operating Profit Before Provision ( B-3.6-3.7 )*** | **57613.17** | **28151.25** | **39028.14** |
| Provision For Possible Losses | 10123.18 | 7283.98 | 6109.10 |
| ***D. Operating Profit ( C-3.8 )*** | **47489.99** | **20867.28** | **32919.05** |
| Non Operating Income/Expenses (Net) | 0.00 | 0.00 | 0.00 |
| Write Back of Provision for Possible Loss | 1058.40 | 251.32 | 277.15 |
| ***E. Profit from Regular Activities (D+3.9+3.10)*** | **48548.39** | **21118.59** | **33196.19** |
| Extraordinary Income/expenses (Net) | 0.00 | 0.00 | 0.00 |
| ***F. Profit before Bonus and Taxes ( E+3.11)*** | **48548.39** | **21118.59** | **33196.19** |
| Provision for Staff Bonus | 4413.49 | 1919.87 | 3017.84 |
| Provision for Tax | 13240.47 | 5759.62 | 9053.51 |
| | **30894.43** | **13439.10** | **21124.85** |
| **Ratios** | **At the End of This Quarter** | **At the End of Previous Quarter** | **At the End of Corresponding previous Year Quarter** |
| Capital fund to RWA | 9.43% | 11.65% | 8.70% |
| Non Performing Loan (NPL) To Total Loan | 1.88% | 1.85% | 0.78% |
| Total Loan Loss Provision to Total NPL | 111.47% | 116.1% | 184.37% |
| Cost of Funds | 9.47% | 10.06% | 9.82% |
| CD Ratio(Calculated as per NRB Directives) | 266.67% | 265.96% | 283.54% |

Note : Figures may change subject to instructions if any, from statutory regulatory authorities.

| Interest Rate | |
|---|---|
| **Deposit** | 6.00 % - 9.5% |
| **Loan and Advance** | 14 % - 19% |

आन्तरिक लेखापरीक्षक

# धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को अनूसुची १४
( नियम २६ को उपनियम (१) संग सम्बन्धित )
## आ.व. २०७६/२०७७ को दोस्रो त्रैमासिक प्रतिवेदन

**१. वित्तीय विवरण :**

(क) त्रैमासिक अवधिको वासलात, नाफा, नोक्सान सम्बन्धि विवरण: यस वित्तीय संस्थाको आ.व.२०७६/०७७ को दोस्रो त्रैमासिक नाफा/नोक्सान तथा २०७६ पौष मसान्तसम्मको वासलात सम्बन्धि विवरण यसै साथ प्रकाशित गरिएको छ ।

**(ख) प्रमुख वित्तीय अनुपातहरु :**

**प्रति शेयर आम्दानी अनुपात : ७०.००, मुल्य आम्दानी अनुपात** (कारोवार रोक्का हूनू भन्दा अघिल्लो दिनको अन्तिम मुल्यको आधारमा ) **(P/E Ratio) : १२.५४ प्रति शेयर नेटवर्थ : १९३.५९ प्रति शेयर कुल सम्पत्तिको मुल्य: २२१०.५१ तरलता अनुपात : १३.४०**

**२. व्यवस्थापकिय बिश्लेषण :**

**(क) त्रैमासिक अवधिमा संस्थाको मौज्दात, आम्दानी र तरलतामा कुनै परिवर्तन भएको भए सोको प्रमुख कारण सम्बन्धि विवरण :** कारोवारको बृद्धिसंगै वित्तीय संस्थाको मौज्दात, आम्दानी संतोषजनक रुपमा बृद्धि भएको छ ।

**(ख) आगामी अवधिको व्यवसायिक योजना सम्बन्धमा व्यवस्थापनको विश्लेषणत्मक विवरण :** यस वित्तीय संस्थाले हालसम्म १५ जिल्लामा ३९ वटा शाखाहरु मार्फत आफ्नो कारोवार संचालन गरिरहेको छ । यस आर्थिक वर्षमा वित्तीय संस्थाले कार्यक्रम विस्तार संगै गुणस्तरलाई थप प्रभावकारी बनाउदै लैजाने नीति लिएको छ । सोहि अनुसार अवका दिनहरुमा थप जिल्लाहरुमा कार्यक्षेत्र विस्तार गर्दा लघुवित्त सेवा नपुगेका ठाउलाई प्राथमिकता दिइनेछ । वित्तीय संस्थाले ग्राहकको चाहना र आवश्यकता अनुसार कर्जा, बचत तथा अन्य सेवाहरुलाई थप परिमार्जन गर्दै लैजानेछ । आफ्नो श्रोत र साधनको अधिकतम परिचालन गरी दिगो रुपले वित्तीय सेवा प्रदान गर्ने सोचका साथ कार्य गरिरहेको छ ।

**(ग) विगतको अनुभवबाट, संगठित संस्थाको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पार्न सक्ने घटना, अवस्था आदी भएमा सो सम्बन्धी विश्लेषणात्मक विवरण :** लघुवित्त संस्थाहरुको बृद्धिको कारण एक आपसमा अस्वस्थ प्रतिस्पर्धा, सदस्यहरुमा दोहोरोपना/बहुपना आदि कारणले वित्तीय संस्थाले गम्भिर असर बेहोर्नु परेको छैन । तर पनि यस प्रकारको समस्या बाट वित्तीय संस्था अछुतो भने रहन सकेको छैन ।

**३. कानूनी कारवाही सम्बन्धी विवरण :**

क) त्रैमासिक अवधिमा वित्तीय संस्थाले कसैको विरुद्धमा कुनै मुद्दा दायर गरेको छैन र वित्तीय संस्थाको विरुद्ध कुनै मुद्दा दायर भएको भए सोको कुनै सूचना प्राप्त भएको छैन ।

(ख) वित्तीय संस्थाका संस्थापक वा संचालकले वा संस्थापक वा संचालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौज्दारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको सम्बन्धमा कुनै जानकारी प्राप्त भएको छैन ।

(ग) कुनै संस्थापक वा संचालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको कुनै जानकारी प्राप्त भएको छैन ।

**४. संगठित संस्थाको शेयर कारोवार सम्बन्धी विश्लेषण :**

(क) दोस्रो बजारमा हुने शेयर सम्बन्धि कारोबारका लागि नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा शेयर सूचिकृत गराई कारोबार भई रहेकोमा मिति २०७६।०४।०९ गते सहकार्य लघुवित्त वित्तीय संस्थासंग गाभ्ने /गाभिने सम्बन्धि सम्झौता भई गाभ्ने/गाभिने (मर्जर) प्रक्रियामा रहेकोले मिति २०७६।०४।१० गते देखि दोस्रो बजारमा शेयर कारोबार रोक्का भएको छ ।

(ख) नेपाल स्टक एक्सचेन्ज लिमिटेडको वेबसाईट अनुसार गत त्रैमासिक अवधिमा यस वित्तीय संस्थाको शेयरको कारोवार विवरण निम्न अनुसार भएको देखिन्छ ।

| अधिकतम मुल्य | न्यूनतम मुल्य | अन्तिम मूल्य | कारोवार कुल दिन | कारोबार शेयर संख्या |
|---|---|---|---|---|
| | | | | |

मिति २०७६।०४।०९ गते सहकार्य लघुवित्त वित्तीय संस्थासंग गाभ्ने /गाभिने सम्बन्धि सम्झौता भई गाभ्ने/गाभिने (मर्जर) प्रक्रियामा रहेकोले मिति २०७६।०४।१० गते दखि दोस्रो बजारमा शेयर कारोबार भएको छैन ।

**५. समस्या तथा चुनौती :**

(क) नवीनतम प्रविधिको प्रयोग गरी लघुवित्तीय कारोवार गर्दा दुर्गम क्षेत्रमा Connectivity को समस्या रहेको ।

(ख) यस क्षेत्रमा देखिएको अस्वस्थ प्रतिस्पर्धा, दक्ष जनशक्तिको अभाव जस्ता चुनौतीहरु ।

(ग) बैंक तथा वित्तीय संस्थाहरुवाट उपलब्ध हुने विपन्नवर्ग कर्जाको ब्याजदरमा भएको उच्च बृद्धिले गर्दा Cost Of Fund मा पनि बृद्धि भएको ।

(घ)अप्रत्याशित रुपमा आई पर्ने प्राकृतिक दैविविपत्तिबाट सृजना हुने परिस्थितीबाट हुन सक्ने चुनौती ।

**६ संस्थागत सुशासन :**

(क) नेपाल राष्ट्र बैंकबाट जारी संस्थागत सुशासन लगायतका निर्देशनहरुको पालना गर्नुको साथै प्रचलित ऐनहरु : कम्पनी ऐन २०६३, बैक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, नेपाल राष्ट्र बैंक ऐन २०५८, धितोपत्र ऐन २०७३, आयकर ऐन २०५८ आदि पालना गरिएको छ ।

(ख) संस्थागत सुशासनका परिपालनाको लागि वित्तीय संस्थाको प्रबन्धपत्र, नियमावली, कर्मचारी सेवा विनियमावली, आर्थिक प्रशासन विनियमावली, कर्जा नीति, लेखा परीक्षण निर्देशिका आदि नीतिनियम तथा निर्देशिका बनाई पालना गरिएको छ ।

(ग) वित्तीय संस्थाले आफ्नो कारोवारलाई चुस्त, दुरुस्त छिटो छरितो एवं आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउन संचालक समिति तहमा लेखापरीक्षण समिति, जोखिम व्यवस्थापन समिति , कर्मचारी सेवा सुविधा र सम्पत्ति शुद्धिकरण अनुगमन समिति गठन गरेको छ ।

**७. सत्य, तथ्यता सम्बन्धमा अध्यक्ष/कार्यकारी प्रमुखको उद्घोषण :**

आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु । साथै म यो उद्घोष गर्दछु की मैले जाने बुझे सम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरुलाई सुसूचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना जानकारीहरु लुकाईएको छैन ।

प्रमुख कार्यकारी अधिकृत